# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ असार ३१

## डा.गोविन्द के.सी.को जीवन रक्षा गरी स्वास्थ्य उपचारमा संवेदनशील हुन आयोगको आग्रह

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगञ्ज परिसरमा समग्र स्वास्थ्य क्षेत्रको सुधारका माग राखी यही मिति २०७३ असार २६ गते देखि आमरण अनसनरत रहेका डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्थाप्रति आयोगको गम्भिर ध्यानाकर्षण भएको छ।

आयोगको अनुगमन टोलीले डा. के.सी., निजका सहयोगीहरु र शिक्षण अस्पताल, महाराजगञ्जको व्यवस्थापनसँग वहाँको स्वास्थ्य अवस्थाको सम्वन्धमा जानकारी लिएको थियो । शिक्षण अस्पताल व्यवस्थापनवाट निजको स्वास्थ्यको अधिकारको संरक्षण तथा जीवनरक्षाको लागि भए-गरेका प्रयासहरुको सम्वन्धमा समेत जानकारी लिएको थियो । अनुगमन पश्चात आयोगले डा. के.सी.को प्रभावकारी स्वास्थ्य उपचारको व्यवस्था गर्नका लागि त्रि.वि.वि., शिक्षण अस्पताल, महाराजगञ्ज, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौं र प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालयसमेतलाई पत्राचार समेत गरेको छ। बिरोधको स्वरुप जस्तो सुकै भए पनि व्यक्तिको स्वास्थ्यउपचार जीवनरक्षासँग जोडिएले जीवनरक्षाको अधिकारप्रति संवेदनशील भई निजको प्रभावकारी स्वास्थ्य उपचार गर्नु गराउनु सम्वन्धित पक्षको महत्वपूर्ण जिम्मेवारी हो।

अनुगमनबाट डा. गोविन्द के.सी.को स्वास्थ्य अवस्था दिन प्रति दिन खस्कँदै गएको पाइएकाले प्रभावकारी स्वास्थ्य उपचार पाउने प्रत्येक नागरिकको अधिकारको सम्मान गरी जीवनरक्षाको लागि आवश्यक व्यवस्था मिलाउन आयोग आग्रह गर्दछ। वार्ता मार्फत समस्याको सामाधानकालागि गम्भीर हुन आयोग सम्वन्धित पक्षको ध्यानकर्षण गराउँदछ, साथै निज डा. के.सी. र नेपाल सरकार वीच विगतमा भएका सम्झौताहरुको प्रभावकारी कार्यान्वयनकोलागि समेत आग्रह गर्दछ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org